आज मिति २०८२।०३।०१ गते दिउसो १ बजे यस लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा लोमन्थाङ गाउँपालिकामा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

<u>उपस्थितिः</u>

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा आङ्ग्या गुरुङ | वडाअध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्डग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङजेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | बिकाश के.सी. | प्रशासकीय अधिकृत (सदस्य सचिच) | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| अन्य उपस्थिति | | | | |
| १५ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | सन्तोषराज शर्मा | सहायक आलेप अधिकृत | लोमन्थाङ गाउँपालिका |

प्रस्तावहरु :

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: पाल एंव नाम्ग्याल गुम्बा मा.वि.को कक्षा ११ १२ को विषय परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं. ३: आ.व. २०८०-०८१ को बेरुजुको अन्तिम प्रतिवेदन छलफल सम्बन्धमा ।

प्रस्ताव नं. ४: किमलिङ युनिफाईड विद्यालयको मर्मत सूधार धरौटी बाट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५: आवधिक योजना र भू-उपयोग क्षेत्र वर्गिकरण प्रतिवेदन छलफल सम्बन्धमा ।

प्रस्ताव नं. ६: व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धमा ।

प्रस्ताव नं. ७: भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ८: करार कर्मचारी सामाजीक सुरक्षाकोषमा आवद्ध गराउने सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल गरि यस गाउँपालिका, गाउँकार्यपालिका बैठकले गरेका अघिल्ला कार्यपालिका बैठकहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल गरि यस गाउँपालिकामा सञ्चालनमा रहेको श्री पाल एवं नामग्याल गुम्बा माध्यमिक विद्यालयले पेश गरेको प्रस्ताव तथा उक्त विद्यालयको व्यवस्थापन समितिको मिति २०८१।०१।०५ गतेको बैठकको निर्णय बमोजिम उक्त विद्यालयमा सञ्चालनमा रहेको मानविकि संकाय हटाई कक्षा ११ र १२ मा विज्ञान विषय सहित गुम्बा शिक्षा सञ्चालन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गरि यस गाउँपालिकाको आ.व. २०८०।०८१ को महालेखा परिक्षकको कार्यालयले औंलाएको अन्तिम प्रतिवेदन उपर छलफल गरि उक्त बेरुजु नियमित तथा असुलि गर्ने कार्यका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गरि यस गाउँपालिका र श्री बि.एन. जुम्ली-त्रिशक्ती जे.भी. बिच मिति २०७८।०२।२४ मा भएको सम्झौता बमोजिम उक्त विद्यालय निर्माण कार्यमा देखिएको त्रुटी सुधार गर्ने कार्यका लागि यस गाउँपालिकाको धरौटी खातामा उक्त फर्मले जम्मा गरेको धरौटी रकम बाट भुक्तानी गर्ने त्रुटी सुधार गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गरि यस गाउँपालिकाको आ.व. २०८१।०८२को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत परामर्शदाता बाट पेश भएका आवधिक विकास योजना र भू-उपयोग वर्गीकरणका प्रतिवेदन छलफल गरियो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल गरि राष्ट्रिय परिचयपत्र विभाग तथा पञ्जिकरण विभागको मिति २०८१।०६।२१ गतेको पत्रानुसार व्यक्तीगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस गाउँपालिकालाई व्यक्तिगत घटना दर्ताको पूर्णता मापन तथा घोषणाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ७: उपर छलफल गरि यस गाउँपालिका बाट आ.व. २०८१।०८२ को लागि स्वीकृत भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

- स्वास्थ्य स्वेंम सेविकाहरुको अवलोकन भ्रमण तथा सुभकामना आदनप्रदानको रकम
- तिजि पर्व सञ्चालन बापतको रकम
- कोन्छोकलिङ युवा क्लवलाई यार्तुङ पर्व सञ्चालन बापतको रकम

निर्णय नं. ८ : प्रस्ताव नं. ८ उपर छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०२।१६ गतेको चलानी नं. ७८७ को पत्रानुसार यस गाउँपालिका र अन्तर्गतका वडा कार्यलयहरु, स्वास्थ्य चौकि, सामुदायिक विद्यालयहरु, आयुर्वेद औषधालयमा कार्यरत सम्पुर्ण करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।